आज मिति २०८२-०८-०४ गते बिहिबारको दिन दिउसो १ बजे यस बरहथवा नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री कल्पना कुमारी कटुवाल ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णयहरु भयो।

तपसिलः-

| | | |
|---|---|---|
| १) | श्री कल्पना कुमारी कटुवाल | नगर प्रमुख |
| २) | श्री रामबाबु प्रसाद साह | नगर उप-प्रमुख |
| ३) | श्री राकेश सहनी | वडा अध्यक्ष वडा नं. १ |
| ४) | श्री चेत बहादुर राउत | वडा अध्यक्ष वडा नं. २ |
| ५) | श्री नन्दकिशोर महतो | वडा अध्यक्ष वडा नं. ३ |
| ६) | श्री कृष्ण कुमार साह | वडा अध्यक्ष वडा नं. ४ |
| ७) | श्री शिव कुमार सिंह कोइरी | वडा अध्यक्ष वडा नं. ५ |
| ८) | श्री मो.आफताव आलम | वडा अध्यक्ष वडा नं. ६ |
| ९) | श्री राम प्रकाश दास | वडा अध्यक्ष वडा नं. ७ |
| १०) | श्री राजकिशोर महतो | वडा अध्यक्ष वडा नं. ८ |
| ११) | श्री तुलसी प्रसाद लुइटेल | वडा अध्यक्ष वडा नं. ९ |
| १२) | श्री सर्मिला कुमारी राम | वडा अध्यक्ष वडा नं. १० |
| १३) | श्री नवराज राई | वडा अध्यक्ष वडा नं. ११ |
| १४) | श्री रामजी यादव | वडा अध्यक्ष वडा नं. १२ |

CamScanner

| | | |
|---|---|---|
| १५। | श्री राजगिर दर्जि | वडा अध्यक्ष वडा नं. १३ |
| १६। | श्री दिपेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं. १४ |
| १७। | श्री रामबहादुर चौधरी | वडा अध्यक्ष वडा नं. १५ |
| १८। | श्री लक्ष्मी नारायण महतो | वडा अध्यक्ष वडा नं. १६ |
| १९। | श्री रामविश्वास राय | वडा अध्यक्ष वडा नं. १७ |
| २०। | श्री अरविन्द राय | वडा अध्यक्ष वडा नं. १८ |
| २१। | श्री अनिता कुमारी | कार्यपालिका सदस्य |
| २२। | श्री रामकुमारी खत्वे | कार्यपालिका सदस्य |
| २३। | श्री लक्ष्मिनिया देवी | कार्यपालिका सदस्य |
| २४। | श्री लिला कुमारी कुश्वार | कार्यपालिका सदस्य |
| २५। | श्री सरिता कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| २६। | श्री राकेश कुमार वैठा | कार्यपालिका सदस्य |
| २७। | श्री विन्देश्वर धनकार | कार्यपालिका सदस्य |
| २८। | श्री संजय कुमार साह | कार्यपालिका सदस्य |
| २९। | श्री सत्य नारायण यादव | नि.सचिव |

CS CamScanner

प्रस्ताव नं. ०१ :- आ.व. २०८२/०८३ मा बागमती खोलाको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खन्न तथा बिक्री वितरणको लागि ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा ।

निर्णय नं. ०१ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको बागमती खोलाको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खन्न तथा बिक्री वितरण गरी ठेक्का बन्दोबस्त गर्नको लागि मधेश प्रदेश सरकार उधोग,पर्यटन तथा वन मन्त्रालयबाट स्वीकृत "बरहथवा नगरपालिकाको वडा नं. १ र ४ को बागमती नदिको बिभिन्न घाटबाट ढुंगा गिट्टी तथा बालुवाको दिगोरुपमा बातावरण मैत्री तरिकाले निकाल्नको लागि वातावरणी प्रभाव मूल्यांकन प्रतिवेदन" को आधारमा सो नदीबाट पहिलो वर्षको लागि हजरियाको बागमती बजार घाट ५५०२०.७४, मलहा टोलबाट ९७४००.१४ र तोकाहरटोल घाटबाट ७४८१९.५७ घन मिटर परिमाण उत्खन्न गर्न प्रतिवेदनले सिफारिस गरिएकोमा सो अनुसार आ.व. २०८०/०८१ र २०८१/०८२ मा ठेक्का बन्दोबस्तको लागि बोलपत्रका सूचना प्रकाशन भएकोमा हजरियाको बागमती बजार घाटको ५५०२०.७४ घनमिटर र ४४०१६.५९२ घन मिटर मात्र ठेक्वा बन्दोबस्त भएको बाँकी मलहा टोल र तोकाहरटोल घाटको ठेक्का लाग्न नसकेको हुँदा आ.व. २०८१/०८२ मा हजरियाको बागमती बजार घाट ठेक्का बन्दोबस्तका लागि "वातावरणी प्रभाव मूल्यांकन प्रतिवेदन" सिफारिस अनुसार पहिलो पटक ठेक्का बन्दोस्त भएको स्थानको दोस्रो पटक बन्दोबस्त गर्दा प्रतिवेदनमा तेस्रो वर्षको लागि सिफारिस हजरियाको बागमती बजार घाटका लागि परिमाणमा ४४०१६.५९२ घन मिटर ठेक्का बन्दोबस्त गर्ने र बाँकी उल्लेखित घाटको पहिलो बर्षमा ठेक्का बन्दोबस्त नभएको हुँदा प्रतिवेदनले सिफारिस गरेको पहिलो वर्षको परिमाण अनुसार मलहा टोल ९७४००.१४ घनमिटर र तोकाहरटोल घाटको ७४८१९.५७ घन मिटर ढुङ्गा गिट्टि बालुवा बिकि वित्तरण गर्न मधेश प्रदेशको आर्थिक ऐन २०८२ ले नदिजन्य पदार्थ बिक्री वितरणका लागि प्रति घन मिटर बराबर न्युनत्तम रु. १५० देखि. अधिकतम रु. २०० सम्मको दररेट निर्धारण गर्ने सक्ने व्यवस्था भए बमोजिम आ.व. २०८१/०[illegible] का लागि प्रति घन मिटर रु. १५५ (एक सय पचपन्न रुपैया मात्र) को दरले तपसिल बमोजिम ३ (तीन) घाट तपसिल बमोजिम ठेक्का/बोलपत्र नं. कायम गरी तपसिल बमोजिमको न्युनत्तम सकार रकम कायम गरी "ढुंगा, गिट्टी बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" को दफा ४ को ग मा अध्यावधिक गरी पुनः यकिन गर्न भनेकोमा "बरहथवा नगरपालिकाको वडा नं. १ र ४ को बागमती नदिको बिभिन्न घाटबाट ढुंगा गिट्टी तथा बालुवाको दिगोरुपमा वातावरण मैत्री तरिकाले निकाल्ने लागि वातावरणी प्रभाव मूल्यांकन प्रतिवेदन" उल्लेखित परिमाणलाई नै आधार मानि मापदण्ड र प्रतिवेदनको अधिनमा रही E-bidding मार्फत ठेक्का बन्दोबस्तको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

| सि.नं. | सूचना/बोलपत्र नं. | बोलपत्रको नाम | उत्खन्न परिमाण (घन मिटर) | न्युनत्तम बोलपत्र रकम | न्युनत्तम बोलपत्र सकार रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | NCB:RIVER/०१/२०८२/०८३ | मलहा टोल | ९७४००.१४ | १५०९७०२२/- | १५०९७०२२/- | सकार वा कबोल रकमको ५ प्रतिशतले हुन आउने रकम | ३,०००/- |
| ०२ | NCB:RIVER/०२/२०८२/०८३ | हजरियाको बागमती बजार घाट | ४४०१६.५९२ | ६८२२५७२/- | ६८२२५७२/- | सकार वा कबोल रकमको ५ प्रतिशतले हुन आउने रकम | ३,०००/- |
| ०३ | NCB:RIVER/०३/२०८२/०८३ | तोकाहरटोल घाट | ७४८१९.५७ | ११५९७०३४/- | ११५९७०३४/- | सकार वा कबोल रकमको ५ प्रतिशतले हुन आउने रकम | ३,०००/- |

CamScanner

**प्रस्ताव नं २ :- सवारी साधन मर्मत सम्बन्धमा।**

**निर्णय नं २ :-** प्रस्ताव नं २ माथि छलफल गर्दा यस बरहथवा नगरपालिकाको कार्यालयमा रहेको नगरपालिको सवारी साधनमा मिति २०८२ साल भदौ २३ र २४ युवा पस्ता Gen-Z ले गरेको आन्दोलनको क्रममा तोड फोड तथा आगजनीले क्षती पुगेको हुँदा उक्त सवारी साधनहरुलाइ मर्मत गरी पुन प्रयोगमा ल्याउन सवारी साधन मर्मत कार्यको लागि आवश्यक ठेक्का प्रकृया अगाडी बढाउने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ३ :- भवन मर्मत सम्बन्धमा।**

**निर्णय नं ३ :-** प्रस्ताव नं ३ माथि छलफल गर्दा यस बरहथवा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय भवनमा मिति २०८२ साल भदौ २३ र २४ युवा पस्ता Gen-Z ले गरेको आन्दोलनको क्रममा तोड फोड तथा आगजनीले क्षती पुगेको हुँदा प्राविधिक टोलीबाट भवनको आवश्यक जाँचबुउक्त गरी मर्मत कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं ४ :- रंगशाला निर्माण सम्बन्धमा।**

**निर्णय नं ४ :-** प्रस्ताव नं ४ माथि छलफल गर्दा यस बरहथवा नगरपालिका वडा ११ को हिरापुर खेलकुद मैदानमा राष्ट्रिय स्तरको रंगशाला निर्माणाको लागि युवा तथा खेलकुद मन्त्रालय सिंहदरवार काठमाण्डौ मा योजना माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ :- सेवा करारमा ड्राइभर नियुक्ति प्रक्रिया अगाडी बढाउने सम्बन्धमा।**

**निर्णय नं ५ :-** प्रस्ताव नं ५ माथि छलफल गर्दा नगर प्रमुखको सवारी साधन चलाउने चालकको दरबन्दि संख्या - १ एक एघारौ नगर सभाबाट स्वीकृत भइ पदपुर्ति प्रक्रिया हुन बाँकी रहेको हुनाले उक्त दरबन्दिमा सेवा करारमा सवारी साधन चालक नियुक्तिका लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

CamScanner

प्रस्ताव नं.६ आगामी आ.व.का लागि आय व्ययको प्रक्षेपण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६ यस प्रस्ताव उपर छलफल गर्दा आगामी आ.व. २०८३।०८४ का लागि देहाय बमोजिम आय र व्ययको प्रक्षेपण गरी संघीय अर्थ मन्त्रालयमा पेश गर्ने निर्णय पारित गरियो ।

तपसिल

| प्रस्तावित आय तर्फ | | | प्रस्तावित व्यय तर्फ | |
|---|---|---|---|---|
| क्र.सं. | स्रोत विवरण | प्रस्तावित आय | योजना तथा कार्यक्रम | प्रस्तावित व्यय |
| १ | संघीय सरकार बाट प्राप्त | | कार्यालय संचालन प्रशासनिक खर्च | १२३२००००० |
| १.१ | संघीय राजस्व बाँडफाँड | १५५०९७८९२ | सड्क कालोपत्रे बहुवर्षीय आयोजना निरन्तरता | ९९०००००० |
| १.२ | संघीय समानिकरण अनुदान | १८४३६०००० | समपुरक आयोजना संचालन खर्च | २२०००००० |
| १.३ | नगर अस्पतालबाट प्राप्त आम्दानी | ६६०००००० | शिक्षा तथा खेलकुद | २२८८०००० |
| १.४ | विषयगत शर्शत अनुदान चालु | ३१८४५०००० | स्वास्थ्य सेवा कार्यक्रम खर्च | २०९००००० |
| १.५ | विषयगत शर्शत अनुदान पुंजीगत | २१५६०००० | स्वास्थ्य क्षेत्रमा भैपरि आउने खर्च | ३८५०००० |
| १.६ | संघीय समपुरक | ९५७००००० | कृषि विकाश कार्यक्रम, | ११५५००० |
| १.७ | संघीय विशेष अनुदान चालु | १२३२०००० | प्रदेश सरकारको लागत साझेदारीमा कृषि विधुतिकरण | १५९५०००० |
| १.८ | नगरपालिकाको आन्तिरिक आय | ६६०००००० | पशु विकाश कार्यक्रम | ११५५००० |
| १.९ | सडक बोर्ड नेपाल | ८२५०००० | भुमि व्यवस्थापन कार्यक्रम | २५३०००० |
| १.१ | सडक बोर्ड नेपाल | ० | महिला, बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम | १४३०००० |
| | | ० | सामी, मेडपा लागत साझेदारी | २०२४००० |
| | | ० | गरिवी निवारण तथा रोजगारी अभिवृद्धि | ५५०००० |
| | जम्मा | ७८२२०७८९२ | नगर स्तरीय भौतिक निर्माण विकाश कार्यक्रम | २९३७०००० |
| २ | प्रदेश सरकारबाट प्राप्त | ० | वन वातावरण तथा विपद्व्यवास्थापन र न्यायिक | २२००००० |
| २.१ | प्रदेश वित्तीय समानिकरण | १२७९७४०० | संस्थागत विकाश तथा सुशासन | ५६०६१९ |
| २.२ | प्रदेश राजस्व बाँडफाँड | १२००९३२७ | वडा स्तरीय योजना तथा कार्यक्रम संचालन खर्च | ११२३१०००० |
| २.३ | प्रदेश सरकारको सशर्त अनुदान | १०४५०००० | संघीय विषयगत शर्शत अनुदान चालु | ३१८४५०००० |
| २.४ | प्रदेश समपुरक | २२००००० | संघीय विषयगत शर्शत अनुदान पुंजीगत | २१५६०००० |
| २.५ | प्रदेश विशेष | ३३००००० | संघीय समपुरक अनुदान, सडक कालोपत्रे योजना | ९५७००००० |
| | प्रदेश सरकारबाट प्राप्त आय | ४०७५६७२७ | संघीय विशेष अनुदान खर्च | १२३२०००० |
| | प्रदेश र संघ बाट प्राप्त कुल आय | ८२२९६४६१९ | कुल जम्मा | ८२२९६४६१९ |

प्रस्ताव नं.७ नगर विकास कोषबाट ऋण अनुदान माँग गर्ने सम्बन्धमा ।

यस प्रस्ताव उपर छलफल गर्दा मिति २०८२ भद्र २३ र २४ गतेको **GEN– Z** को आन्दोलनको क्रममा यस नगरपालिकामा भएको आगलागिमा नगरपालिकाको प्रशासकीय भवन जलेर पूर्णरुपले क्षती भएकोले उक्त भवन मर्मतका लागि नगर विकास कोषबाट रु. १,२३,९३,३९६.११ अक्षरेपी एक करोड तेइस लाख त्रीयानब्बे हजार तीनय्रस छयानब्बे रुपैया एघार पैसा मात्र ऋण तथा अनुदान माँग गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ८ : किसानहरुको कृषी जन्य उत्पादनको बजारीकरणमा पहुँच बढाउन नगर विकास कोषबाट ऋण माँग गर्ने सम्बन्धमा ।

यस प्रस्ताव उपर छलफल गर्दा यस बरहथवा नगरपालिका अन्तर्गत स्थानीय किसानहरुले उत्पादन गर्ने कृषि जन्य उत्पादकत्वहरुको बजारीकरणमा पहुँच बढाउन आ.व. २०८१/०८२ मा ठेक्का नं. **BM/ROAD/NCB/01/2081/082**, संघ तथा प्रदेश सरकारको सहकार्यमा बहुवर्षिय योजना अन्तर्गत बरहथवा नगरपालिका भित्रको सडक कालोपत्रे कार्यको ३० महिना समयावधि राखि मिति २०८१।११।०९ मा **S&S S-BPL-BAMTI JV** संग रकम रु. २०,९२,८८,४८८.८८ (मू.अ.कर सहित) मा सम्झौता भै निर्माण कार्य भै रहेकोमा उक्त समय भित्र कार्य सम्पन्न गर्न बजेटको अभाव रहेको र उक्त सडक निर्माण भए किसानहरुको कृषि जन्य उत्पादनको बजारीकरणमा पहुँच सुनिश्चित हुने भएकोले उक्त कार्य सम्पन्न गर्न सहुलियत ब्याज दरमा कृषि सडक पूर्वाधार निर्माणका लागि रु. ५,००,००,०००/- अक्षरेपी पाँच करोड मात्र नगर विकास कोषबाट ऋण माँग गर्ने निर्णय पारित गरियो ।

CamScanner